नेपाल सरकार

अर्थ मन्त्रालय

# भन्सार विभाग

## विद्युतीय सवारीसाधनको भन्सार जाँचपासका सम्बन्धमा स्पष्ट पारिएको ।

- गत आ.व. ०७५/७६ र चालु आ.व. ०७६/७७ मा जाँचपास भएका सवारी साधनहरुको विवरणः

| Month | Fiscal Year 2076/77 (up to Jeth ) | | Fiscal Year 2075/76 | |
|---|---|---|---|---|
| | No. of Vehicle | | No. of Vehicle | |
| | Electric | Non-Electric | Electric | Non-Electric |
| Shrawan | 91 | 959 | 27 | 1,297 |
| Bhadra | 40 | 2,153 | 17 | 1,820 |
| Asoj | 46 | 1,925 | 27 | 3,394 |
| Kartik | 26 | 1,371 | 14 | 1,319 |
| Mangsir | 112 | 912 | 12 | 862 |
| Push | 95 | 882 | 41 | 1,124 |
| Magh | 12 | 844 | 23 | 1,329 |
| Fagun | 6 | 626 | 18 | 1,027 |
| Chaitra | 8 | 103 | 34 | 798 |
| Baishakh | 45 | 0 | 16 | 1,223 |
| Jeth | 93 | 343 | 54 | 1,596 |
| Asar | - | - | 78 | 724 |
| | **574** | **9775** | **361** | **16,513** |

- २०७७ जेठ १ देखि १४ सम्म जम्मा ९३ वटा विद्युतीय सवारी साधनहरु भन्सार जाँचपास भएका छन् । जसमध्ये जेठ ७ गते ७५ वटा, जेठ १३ गते १६ वटा र जेठ १४ गते २ वटा मात्र जाँचपास भएका छन् । गतवर्ष पनि जेठमा ५४ वटा विद्युतीय गाडीहरु जाँचपास भएका थिए । गतवर्षको भन्दा यो वर्ष आयात

दोव्वरको नजिक पुगेको देखिएकोले यो वर्ष जेठमा ९३ वटा हुनु सामान्य कुरा हो ।

- सुक्खा वन्दरगाहा भन्सार कार्यालयवाट बैशाख १६ गते जाँचपास भएका ४५ वटा गाडी चैत्र २५ मा भन्सारमा आइपुगेका थिए । जेठ ७ गते जाँचपास भएका ७५ वटा सवारी साधन बैशाख ११ गते भन्सारमा आइपुगेका थिए ।
- बजेटको हप्ता अगाडी (बजेट भाषण हुनुभन्दा अगाडी जेठ ८ देखि १५ सम्मका ७ दिनसम्म) जम्मा १८ वटा मात्र विद्युतीय गाडीहरु जाँचपास भएका छन् तर यहि अवधि (जेठ ८ देखि १५ सम्मका ७ दिनको अवधि) मा पेट्रोलियम गाडीहरु भने ३४३ जाँचपास भएका थिए ।
- बजेट प्रस्तुतीको अघिल्लो दिन अर्थात जेठ १४ गते विद्युतीय गाडी २ वटा जाँचपास भएका थिए भने पेट्रोलियम गाडीहरु १७९ वटा आयात भएका थिए ।
- भन्सार दररेट जेठ १४ गते राती मात्र यकिन हुने भएकोले जेठ ७ गते आयात भएका गाडीहरु कुनै संकेत पाएर जाँचपास हुने संभावना रहंदैन ।
- चालु आ.व. मा जसरी श्रावणमा ९१ वटा, मंसिरमा ११२ वटा, पौषमा ९५ वटा गाडीहरु जाँचपास भएका छन्, त्यसैगरी जेठमा ९३ वटा जाँचपास भएका छन्, जुन स्वभाविक नै हो ।
- बजेट प्रस्तुतीको अघिल्लो दिन अर्थात प्रत्येक वर्षको जेठ १४ गते सामान्यतया धेरै राजश्व संकलन हुने गरेको छ । २०७७ जेठ

१४ गते – १७२ करोड, २०७६ जेठ १४ – २१५ करोड र २०७५ जेठ १४ गते – २१९ करोड संकलन भएको थियो ।